प्रवासी श्रमिकको सुनिश्चित भविष्यका लागि सामाजिक सुरक्षा

# अन्तर्राष्ट्रिय प्रवासी श्रमिक दिवस, २०७९

# International Migrant Workers Day, 2022

पुस ३, २०७९ (18 December 2022)



प्रवासी नेपाली सुनिश्चित भविष्यको लागि सामाजिक सुरक्षा भन्ने मुल नाराका साथ यो वर्षको प्रवासी नेपाली दिवस मनाउँदै छौँ। प्रवासी श्रमिक भनेको स्वदेशमा रोजगारको अवसर नभएका कारण रोजगारी तथा लाभदायी रोजगारीको खोजीमा आफ्नो थातथलो छोडेर विदेशी भूमिमा काम गर्नु हो। नेपालको श्रम बजारमा हरेक वर्ष ५ लाखको हाराहारीमा श्रमिकहरू प्रवेश गर्ने गर्दछन्। उनीहरूका लागि स्वदेशमा नै पर्याप्त रोजगारी सिर्जना नभएका कारण विदेशिने श्रमिक दिनहुँ बढिरहेको छ। नेपाली युवाले स्वदेशमा नै रोजगारीको अवसर प्राप्त गरेमा त्यसले देश विकासमा महत्वपूर्ण टेवा पुग्दछ। तसर्थ स्वदेशमा नै पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्न, युवाको परिचालन गरी आर्थिक समृद्धिको आधार तयार पार्न जिफन्टले निरन्तर आवाज उठाउँदै आएको छ।

जिफन्ट स्वदेश तथा विदेशमा कार्यरत आमनेपाली श्रमिकहरूको अधिकारका पक्षमा क्रियाशील महासंघ हो। जहाँ श्रमिक त्यहाँ जिफन्ट भन्ने अभियान नै हामीले चलाइरहेका छौँ। त्यसैले विभिन्न मुलुकमा भएका नेपाली श्रमिकको आवाज उठाउने काम हामीले गरिआएका छौँ। यस महासंघले श्रमिकको अधिकार स्थापित गर्न तथा मर्यादित काम, समान ज्याला, उचित पारिश्रमिक लगायतका श्रमिकका हकहितका विषयमा विगत तीन दशकभन्दा लामो समयदेखि अभियान, पहल, प्रयत्नहरू गर्दैआइरहेको छ। पछिल्लो समयमा सबैको लागि समाजिक सुरक्षाको अभियान संचालन गरेका छौँ। त्यसैले यस वर्षबाट प्रवासी श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा जोडी उनीहरूको भविष्यलाई सुचिश्चित गर्ने अवस्था सिर्जना गर्नु पर्दछ भन्नेमा अभियान नै सुरु गरिएको छ।

संसारमा विदेशीने श्रमिकहरूको संख्या दिनहुँ बढिरहेको छ। नया नया समस्याहरू सिर्जना भएका छन्। यसलाई समाधान गर्ने प्रयाससमेत निरन्तर जारी छ। यसै क्रममा विदेशिएका लाखौं प्रवासी श्रमिकहरूको हक र हित रक्षाका लागि ट्रेड युनियन तथा विभिन्न संस्थाहरूले निरन्तर आवाज उठाउँदै आएका छन्। यस क्रममा सन् १९९० डिसेम्बर १८ का दिन संयुक्त राष्ट्रसंघले विश्वभरि छरिएर रहेका आप्रवासी श्रमिक र तिनको परिवारका सदस्यहरूको अधिकार रक्षा सम्बन्धी महासन्धि पारित गरेको थियो। सो दिनलाई महत्वका साथ लिईदै हरेक वर्ष डिसेम्बर १८ का दिन प्रवासी श्रमिक दिवस मनाउने गरिएको छ।


## वैदेशिक रोजगारको वर्तमान अवस्था

हरेक नेपालीलाई स्वदेशमा नै रोजगारी उपलब्ध हुनुपर्दछ भन्ने नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) को स्पष्ट धारणा हो। युवा श्रमशक्तिलाई वैदेशिक रोजगारमा पठाएर उनीहरूले कमाएर पठाउने रकम (विप्रेषण) ले देशको विकास हुँदैन भन्नेमा जिफन्ट स्पष्ट छ। यद्यपी स्वदेशमा यथेष्ट रोजगारी उपलब्ध हुन नसक्दा वैदेशिक रोजगार नेपालीका लागि बाध्यता बन्दै आएको छ। यस्तो बाध्यतामा परेका श्रमिकलाई पर्ने समस्या समाधानमा नीतिगत रूपमा तथा संगठनिक रूपमा सहयोग गर्न जिफन्ट हरदम तयार रहेको छ।

अहिले बढ्दो राजनैतिक अस्थिरताको कारणले र विकास तथा समृद्धिको एजेन्डाबाट सरकार विचलित भएको हुँदा जनतामा निराशा बवढेको छ। त्यसैले नेपालीहरू विदेशीने क्रम डरलाग्दो हिसाबले बढेको छ। यो मुलुकको लागि चिन्ताको विषय हो।

उल्लेखित तथ्यांकलाई हेर्ने हो भने विदेशिने श्रमशक्तिको संख्या क्रमश बढिरहेको छ। विदेशिने श्रमिकको संख्या कोभिड–१९ महामारीको भन्दा उच्च दरले वृद्धि भएको देखिन्छ। यसलाई गत वर्षको तुलनामा हेर्ने हो भने ३७७ प्रतिशतले वृद्धि भएको देखिन्छ। शिक्षा आर्जन गर्ने नाममा वर्षमा करिब एकलाखले विदेश अध्ययन गर्न नो–अब्जेक्सन पत्र शिक्षा मन्त्रालयबाट प्राप्त गर्दछन् र ति मध्ये अधिकांश स्वदेशमा फर्की नआउने गरेको देखिन्छ।

### वैदेशिक रोजगारीमा जानेको संख्या




श्रोतः वैदेशिक रोजगार विभाग

## नयाँ श्रम स्विकृति लिएको प्रमुख मुलुकहरू (२०७४/७५) देखि (२०७८/७९)

| देशको नाम | आ.व २०७४/७५ | आ.व २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
|---|---|---|---|---|---|
| यू.ए.ई. | ६०२४४ | ६२७७६ | ५२०८५ | ११६११ | ५३८४४ |
| साउदी अरेबिया | ४०९६२ | ४६०८० | ३९२७९ | २३३२४ | १२३३६९ |
| कतार | १०३१७९ | ७५०२४ | २९८३५ | २२१३१ | ७६८२३ |
| मलेसिया | १०४२०९ | ९९९९ | ३९१६७ | १०७ | २६०९१ |
| कुवेत | १७५५५ | १५९९५ | ८९७४ | २ | २२७८६ |
| बहराइन | ४८६२ | ४६३३ | ३३०५ | ३१४६ | ७५९२ |
| रोमानिया | ३१६ | ११७८ | १९३० | १९१२ | ६४१८ |
| ओमन | ३०५९ | २७२२ | १९९६ | १५५६ | ३६२६ |
| जापान | ७६१ | ९५९ | ९३९ | ५५३ | २४७८ |
| क्रोएसिया | ५ | ७ | ६४५ | १०८७ | ५२०६ |
| अन्य | १८९३० | १६८३८ | १२२९८ | ६६५२ | १३११६० |
| कुल | ३५४०८२ | २३६२११ | १९०४५३ | ७२०८१ | ३४८८६८ |

गत श्रावण मसान्तसम्मको तथ्यांकको आधारमा हेर्दा नै मुलुकमा कहाली लाग्दो दरले युवा श्रम शक्ति वैदेशिक रोजगारीको लागि विदेशिएका छन्। र, शिक्षा आर्जन गर्न गएका मध्ये धेरैजसो विदेशमा नै रोजगारीको अवसरको खोजीमा रहन्छन्। यसैले अहिलेसम्म युवा श्रमशक्तिको लागि गर्व गर्ने हाम्रो मुलुकमा केही वर्षमा नै युवा श्रम शक्तिको अभाव हुने अवस्था सिर्जना हुँदै जाने देखिन्छ।

## वैदेशिक रोजगारीमा जाने माध्यम सम्बन्धमा

वैदेशिक रोजगारीमा एजेन्सी मार्फत जाने श्रमिकको संख्या धेरै रहेको छ। तर यो वर्ष व्यक्तिगत माध्यमबाट जाने श्रमिकको संख्यामा ५०० प्रतिशतले वृद्धि भएको देखिन्छ। वैदेशिक रोजगारीमा जानेको समग्र दर भन्दा १२३ प्रतिशतले यो संख्या बढी हो।

यसको अर्थ एजेन्सी मार्फत विदेशमा काम लगाउँदा एजेन्सीले त्यस्तो श्रमिकको सम्बन्धमा कुनै समस्या आएमा जिम्मेवारी लिनु पर्ने हुँदा त्यसबाट वच्ने व्यक्तिगत माध्यम प्रयोग सुरु गरेको भन्ने स्पष्ट देख्न सकिन्छ। यसले भविष्यमा विकराल रूप लिन सक्ने हुँदा समयमा नै ध्यान दिनु पर्ने देखिन्छ।

## तराईबाट विदेशिने श्रमिकको संख्यामा वृद्धि

यसरी नै जिल्लागत रूपमा विश्लेषण गर्दा तराईको जिल्लाबाट विदेशिने श्रमिक संख्या अझ बढेको छ। गत आर्थिक वर्ष २०७८/७९ मा झैं यो वर्ष पनि सबैभन्दा धेरै नेपाली धनुषा जिल्लाबाट वैदेशिक रोजगारमा गएका छन्। दोस्रोमा सिराहा जिल्लाबाट तथा तेस्रोमा महोत्तरीबाट वैदेशिक रोजगारमा गएको देखिन्छ। जिल्लागत रूपमा सबैभन्दा बढी युवा रोजगारीका लागि विदेश गएका मुख्य १० जिल्लाहरू निम्न अनुसार रहेको छ।

## मुख्य गन्तव्य खाडी राष्ट्र नै

गएको आर्थिक वर्षमा नेपाली श्रमिकको मुख्य गन्तव्य मुलुक साउदी अरेबिया देखिएको छ। दोस्रोमा कतार तथा तेस्रोमा संयुक्त अरब इमिरेट्स (युएई) रहेका छन्। नेपालीहरूले रोजेको मुलुकमा गत आर्थिक वर्षमा गएका नेपाली श्रमिकको संख्यालाई विष्लेषण गर्ने हो भने खाडी मुलुक नै नेपाली श्रमिकको मुख्य गन्तव्य रहेको छ।


## श्रम स्वीकृत लिई युरोप जाने श्रमिक संख्यामा वृद्धि

पछिल्ला केही वर्षयता युरोपका केही मुलुकहरूमा रोजगारीका लागि जाने नेपालीको संख्यामा वृद्धि भएको छ। गत आर्थिक वर्षको तुलमामा यो वर्ष युरोपमा जाने नेपालीको संख्यामा चार गुणाले बढेको देखिन्छ।

मुलत रोमानिया, क्रोएशिया, साईप्रस, बेलायत, माल्टा, पोल्याण्ड गरी ६ वटा युरोपेली मुलुकमा मुलरूपमा नेपालीहरू कामको खोजीमा गएको देखिन्छ। यसले नेपालीको रोजगारीका प्राथमिकताका गन्तव्य मुलुकहरू फेरिँदै जान थालेको संकेत गरेको छ। तर युरोपका मुलुकहरूमा रोजगारीमा

## वैदेशिक रोजगारीमा जाने माध्यम सम्बन्धमा

| आर्थिक वर्ष | एजेन्सी मार्फत | व्यक्तिगत माध्यमबाट | वैधानिकीकरण गरेको |
|---|---|---|---|
| २०७४/७५ | ३२३,८७६ | ८,९०६ | २१,३०० |
| २०७५/७६ | २०८,३५१ | ९,१०३ | १८,३३८ |
| २०७६/७७ | १७२,२६६ | ९,६७३ | ८,५१४ |
| २०७७/७८ | ६१,४२८ | ५,३१७ | ५,३३६ |
| २०७८/७९ | ३१२,४१६ | २६,७४० | ९,७१२ |




श्रोत: वैदेशिक रोजगार विभाग

### वैदेशिक रोजगारमा गएकाहरूको संख्या जिल्लागत विवरण

| क्र.सं | जिल्लाको नाम | वैदेशिक रोजगारमा गएकाहरूको संख्या |
|---|---|---|
| १ | धनुषा | ४१,२९३ |
| २ | सिराहा | ३२,२३३ |
| ३ | महोत्तरी | २८,९८९ |
| ४ | झापा | २७,९६६ |
| ५ | मोरङ | २४,०७५ |
| ६ | नवलपरासी (पश्चिम) | २०,९७३ |
| ७ | सुनसरी | २०,८३१ |
| ८ | सर्लाही | २०,०३२ |
| ९ | रूपन्देही | १९,०८९ |
| १० | सप्तरी | १८,३२७ |

श्रोतः वैदेशिक रोजगार विभाग

### रोजगारीका लागि विदेशी मुलुकमा गएका नेपालीको संख्या

| क्र.सं | मुलुकको नाम | संख्या |
|---|---|---|
| १ | साउदी अरेबिया (साउदी अरव) | १,८८,६९२ |
| २ | कतार | १,८४,९२६ |
| ३ | संयुक्त अरव ईमिरेट्स (युएई) | १,२२,६३५ |
| ४ | मलेसिया | ३६,६४४ |
| ५ | कुवेत | ३५,५४१ |
| ६ | बहराइन | १२,०६२ |
| ७ | रोमानिया | ७,४७५ |
| ८ | ओमन | ६,८४९ |
| ९ | जापान | ५,६५६ |
| १० | क्रोएसिया | ५,३४४ |

श्रोतः वैदेशिक रोजगार विभाग

पठाउने नाममा मेनपावर कम्पनीहरू तथा अनधिकृत व्यक्तिहरूले मोटो रकम असुल्ने, गन्तव्य मुलुकमा पुर्याएर अलपत्र पार्ने गरेका घटनाप्रति सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण हुन जरुरी छ। आकर्षक रोजगारी उपलब्ध गराइदिने नाममा भइरहेको आर्थिक ठगी र मानव तस्करीका घटना हुन नदिन सरकार सजग हुन र घटनाका दोषीहरूको पहिचान गरी कडा कारवाही गरिनु आवश्यक छ।

## दक्षताको आधारमा नेपाली श्रमिक

वैदेशिक रोजगारीमा जाने नेपालीहरू सीपमूलक रोजगारीमा जाने संख्यामा पछिल्ला केही वर्षयता वृद्धि भएको छ। सीपयुक्त हुँदा वैदेशिक रोजगारमा जानेहरूको रोजगारी तुलनात्मक रूपमा सजिलो र कमाई बढी हुन्छ। तसर्थ जिफन्टले पनि वैदेशिक रोजगारमा जाने वाध्यता भएकाहरूलाई सीप सिकाएर मात्र पठाउन धेरै वर्ष अगाडीदेखि नै माग गर्दै आएको स्मरण गराउन चाहन्छौं।

तथ्याङ्कले अर्धदक्ष तथा सीपयुक्त भएर जानेहरूको संख्यामा वृद्धि भएको देखिए पनि व्यवहारमा अझै पनि त्यो अनुभव हुने गरी परिवर्तन देखिएको छैन। विभागको तथ्याङ्कलाई हेर्ने हो भने सीपयुक्त अर्थात दक्ष श्रमिकको संख्यमा चार प्रतिशतले वृद्धि भएको र अदक्ष श्रमिकको संख्यामा चार प्रतिशतले कमी आएको देखिन्छ। तर यसले विप्रेषण आप्रवाहमा प्रभाव पार्नु पर्नेमा सो भएको देखिंदैन। अझै पनि गन्तव्य मुलुकमा पुगिसकेपछि अर्कै सम्झौता पत्रमा हस्ताक्षर गर्न वाध्य पार्ने वा नेपालमा हुँदा भनिएभन्दा फरक काम गर्न वाध्य पार्ने गरिएको गुनासो नेपाली श्रमिकबाट प्राप्त भइरहेका छन्। तसर्थ वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिने समयमा केवल कागजी प्रकृयाका लागि सीपयुक्त र अर्धदक्ष रोजगारीमा पठाएको देखाइने तर व्यावहारिक रूपमा अदक्ष काममा नै नेपाली श्रमिकलाई पठाइने गरेको आशंका गर्ने प्रशस्त ठाउँ रहेको छ।

## विप्रेषण (रेमिट्यान्स)

कोभिड–१९ को संक्रमणका कारण झण्डै दुई वर्ष खुम्चिएको वैदेशिक रोजगारमा जानेहरूको संख्यामा उल्लेख्य वृद्धि भएसँगै वाह्य मुलुकबाट नेपाल आउने रकम (विप्रेषण) मा पनि वृद्धि भएको छ। गत आर्थिक वर्ष २०७८/७९ मा विदेशबाट कुल १० खर्ब ७ अर्ब ३१ करोड रूपैयाँ नेपाल भित्रिएको थियो। यो रकम अघिल्लो आर्थिक वर्ष भन्दा ४ दशमलव ८ प्रतिशत बढी हो। तर वैदेशिक रोजगारीमा जान श्रम स्वीकृत लिनेको संख्यामा ३७७ प्रतिशतले वृद्धि भएकोमा विप्रेषण आप्रवाह जम्मा ४.८ प्रतिशतले वृद्धि हुनु भनेको नेपालीले कमाएको पैसा पुनः विदेशमा नै दुरूपयोग हुन सुरु भएको संकेत हो भन्ने स्पष्ट देखिन्छ।

### युरोपमा मुख्य रोजाईमा परेको देशहरू

| देशको नाम | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
|---|---|---|---|---|---|
| रोमानिया | ३३३ | १२४९ | २०२८ | २०९९ | ७४७५ |
| क्रोएसिया | ५ | ८ | ६४६ | १०९४ | ५३४४ |
| साईप्रस | २०६६ | २३४० | १९९५ | १२५५ | ४१८१ |
| बेलायत | ७६ | ६३ | ३८ | ३१७ | २८१४ |
| माल्टा | ६०२ | १७४९ | १८५० | ३१५ | १९१५ |
| पोल्याण्ड | ३६४५ | ११९५ | ४४८ | ७०५ | १८५५ |
| जम्मा | ६७२७ | ६६०४ | ७००५ | ५९८५ | २३५८४ |

### दक्षताका आधारमा विदेशीने श्रमिक संख्या

| क्र.सं | सीपको प्रकार | पुरुष | महिला | कुल संख्या | प्रतिशतमा | |
|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | उच्च दक्ष | ११० | १५ | १२५ | ०.०१९८ | ०.०३६५ |
| २ | व्यवसायीक | ६२७ | ५३ | ६८० | ०.१०७९ | ०.१४५७ |
| ३ | अर्धदक्ष | ५०,०६७ | ४२६१ | ५४,३२८ | ८.६२ | ९.३४८० |
| ४ | सीपयुक्त | २,६८,४५६ | २३,४३३ | २,९१,८८९ | ४६.३२ | ४२.२४ |
| ५ | अदक्ष | २,६१,७०२ | २१,३६६ | २,८३,०६८ | ४४.९२ | ४८.२२ |
| | जम्मा | ५८०९६२ | ४९१२८ | ६३००९० | | |

श्रोतः वैदेशिक रोजगार विभाग

जबकि कोभिड-१९को प्रभाव बाँकी रहँदा कै अवस्थामा २०७६/७७ को तुलनामा २०७७/७८ मा ९.८ विप्रेषण वृद्धि भएको थियो। यस बिचमा डलरको मूल्यमा वृद्धि हुँदा समेत विप्रेषण आप्रवाह तुलनात्मक रूपमा कम वृद्धि हुनु नेपालको लागि चिन्ताको विषय हो।

वैदेशिक रोजगारीमा जाने श्रमिक संख्यामा ३७७ प्रतिशत वृद्धि हुँदा विप्रेषण आप्रवाह ४.७ प्रतिशतले वृद्धि हुनुले नेपालीहरूको कामाई विदेशमा नै रोकिएको, तस्करीको लागि प्रयोग भएको र समानान्तर रूपमा अनौपचारिक तवरमा रकम दुरुपयोग भएको स्पष्ट देख्न सकिन्छ। यसमा सरकारको र सम्बन्धित निकायको ध्यान जानु जरुरी छ। गठवन्धन सरकार बने पछिको पहिलो वर्षमा नै वैदेशिक रोजगारीमा जाने श्रमिक संख्यामा विस्तार भएता पनि विप्रेषण आप्रवाह सो अनुपातमा नबढ्नुले सरकार नै अनौपचारिक अर्थतन्त्रका पक्षमा रहेको देखाउँछ।

## फर्केकाहरूको तथ्याङ्क

वैदेशिक रोजगारमा जानेहरूको तथ्याङ्क राख्दै आएको सरकारले स्वदेश फर्केका नेपालीको पनि तथ्याङ्क राख्न सुरु गरेको छ। यो स्वागतयोग्य विषय हो। कति नेपाली वैदेशिक रोजगारबाट फर्किए, उनीहरूले कस्तो सीप दक्षता हासिल गरेर फर्केका छन् भन्ने जानकारीले नेपालमा उपलब्ध रोजगारीमा उनीहरूलाई आवद्ध गर्दै उनीहरूले हासिल गरेको दक्षताको सदुपयोग राज्यले गर्न सक्दछ। चालु आर्थिक वर्षको साउनदेखि असोज मसान्तसम्ममा १ लाख ४१ हजार ६ सय ९४ नेपाली वैदेशिक रोजगारबाट स्वदेश फर्केको वैदेशिक रोजगार विभागको तथ्याङ्क छ।

## परदेशमा ज्यान गुमाउने श्रमिकको संख्यामा निरन्तर वृद्धि

हरेक वर्ष एकहजारभन्दा धेरै नेपालीले प्रवासको रोजगारीका क्रममा ज्यान गुमाउने गरेका छन्। गन्तव्य मुलुकमा श्रम गर्न गएका युवा श्रमिकको मृत्यु रोक्न गर्नुपर्ने कार्यस्थल तथा आवासको अवस्थामा सुधारका लागि ट्रेड युनियनका तर्फबाट लगातार आवाज उठाइरहे पनि अझै पनि यसमा यथेष्ट सुधार भएको छैन। यसका लागि अन्तर्राष्ट्रिय मञ्चहरू तथा गन्तव्य मुलुकहरूसँगको सम्झौता कार्यान्वयनका लागि गठित संयुक्त कार्यदलमा नेपाल सरकारले बलियोसँग आवाज उठाउन आवश्यक छ।

वैदेशिक रोजगार बोर्डका अनुसार आर्थिक वर्ष २०६५/६६ देखि आर्थिक वर्ष २०७८/७९ सम्ममा वैदेशिक रोजगारका क्रममा १० हजार ७६५ नेपालीले ज्यान गुमाएका छन्। यसैगरी सोही अवधिमा २ हजार १ सय २५ नेपालीको अङ्गभङ्ग भएको छ। विदेशमा मृत्यु भएका अधिकांश व्यक्तिको मृत्युको कारण प्राकृतिक मृत्यु, हृदयाघात वा अचानक भएको मृत्यु लेखिएका कारण मृतक श्रमिकका परिवार गन्तव्य मुलुकबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्तीबाट पनि वञ्चित छन्। तसर्थ जिफन्ट यस विषयमा जनुसुकै तवरबाट मृत्यु भए पनि श्रमिकले क्षतिपूर्ती पाउने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउँछ र गन्तव्य मुलुकहरूसँग दरिलोसँग कुराकानी गरी यो समस्याको समाधान गर्न माग गर्दछ।

### वैदेशिक रोजगार सम्बन्धी केही महत्वपूर्ण तथ्यहरू

| | |
|---|---|
| वैदेशिक रोजगारको कारोवार गर्न इजाजत पाएका र क्रियाशील संस्थाहरू | ८८६ |
| वैदेशिक रोजगार कारोवार गर्न इजाजत पाएका र हाल निस्क्रिय संस्थाहरू | ३९ |
| वैदेशिक रोजगार कारोवार गर्न इजाजत पाएका र हाल रोक्का भएका संस्थाहरू | १०० |
| वैदेशिक रोजगार कारोवार गर्न इजाजत पाएका र हाल निलम्बनमा रहेका संस्थाहरू | १ |
| अभिमुखिकरणका लागि इजाजत पाएका र हाल क्रियाशील संस्थाहरू | १२८ |
| अभिमुखिकरणका लागि इजाजत पाएका र हाल निस्क्रिय संस्थाहरू | १५ |
| वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ परिक्षणको अनुमति पाएका संस्थाहरू | २२२ |
| वैदेशिक रोजगारीमा विभागमा आवद्ध भई कारोवार गर्ने वाणिज्य बैंकहरू | १८ |
| वैदेशिक रोजगारीमा विभागमा आवद्ध भई कारोवार गर्ने विमा कम्पनीहरू | १५ |
| विभागले वैदेशिक रोजगारीमा श्रमिक नपाउने भनी रोक्का गरेको विदेशी कम्पनीहरू | ६५ |

### वैदेशिक रोजगारीमा मृत्यु हुनेको संख्या

| आ.व. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| २००९/१० | ११ | ३९९ | ४१० |
| २०१०/११ | ८ | ५४१ | ५४९ |
| २०११/१२ | १४ | ६३२ | ६४६ |
| २०१२/१३ | ११ | ७१६ | ७२७ |
| २०१३/१४ | २४ | ८३४ | ८५८ |
| २०१४/१५ | ६ | १००० | १००६ |
| २०१५/१६ | २४ | ७८९ | ८१३ |
| २०१६/१७ | १८ | ७३७ | ७५५ |
| २०१७/१८ | २१ | ८०० | ८२१ |
| २०१८/१९ | २३ | ७७३ | ७९६ |
| २०१९/२० | १७ | ६३९ | ६५६ |
| २०२०/२१ | २९ | १२२० | १२४९ |
| २०२१/२२ | ५७ | १४२२ | १४७९ |
| कुल | २६३ | १०५०२ | १०७६५ |

## सरकारको प्राथमिकतामा नपरेको वैदेशिक रोजगार व्यवस्थापन

मुलुकभित्रै पर्याप्त रोजगारी उपलब्ध नहुँदा वा उपलब्ध रोजगारीमा आकर्षण नहुँदा हरेक वर्ष ६ लाख भन्दा बढी नेपाली रोजगारीका लागि विदेशिने गरेका छन्। सरकारले वाध्यताको वैदेशिक रोजगारीलाई अन्त्य गर्ने प्रतिवद्धता जनाए पनि सो अनुरूपका कार्यक्रमहरू लागू नगरिंदा वाध्यताको वैदेशिक रोजगारी जारी नै छ।

वैदेशिक रोजगार ऐन, २०६४ लाई श्रमिकपक्षीय बनाउँदै श्रमिकको हक अधिकारको रक्षा गरिनु पर्दछ भन्ने जिफन्टको लामो समयदेखिको माग हो। वैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धिमूलक बनाउन विद्यमान ऐन तथा कानुनहरूमा सुधार गरिनु पर्दछ। तर हाम्रो प्रयत्नका बावजुद वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नीति, २०६८ लगायतमा संशोधन तथा नयाँ निर्माणको कामले गति लिएको छैन। समयानुकूल हुने गरी तथा श्रमिकको हक र हितको रक्षा हुने गरी नयाँ वैदेशिक रोजगार ऐन, समयसापेक्ष विषयलाई सम्बोधन गर्ने वैदेशिक रोजगार नीति र अन्य आवश्यक कानुनी प्रबन्ध गर्न महासंघ सरकारसँग जोडदार माग गर्दछ।

एकातर्फ विद्यमान ऐन कानुनमा समयानुकूल सुधार हुन सकेको छैन भने अर्कोतर्फ यस अगाडी जारी गरिएका कानुनको प्रभावकारी कार्यान्वयन गरिएको छैन। वैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धिमूलक बनाउने उद्देश्यले केही नेपाल ऐन संशोधन, २०७५ मार्फत यस अगाडी केही सकारात्मक पहलहरू गरिएको थियो। वैदेशिक रोजगारमा श्रमिकलाई पठाउने संस्थाहरूको धरौटी वृद्धि, परिवारका एकभन्दा बढी सदस्यका नाममा मेनपावर कम्पनी दर्ता रहेको भएमा तिनीहरूलाई गाभ्ने, वैदेशिक रोजगारका नाममा गरिने ठगीको उजुरी स्थानीय जिल्ला प्रशासन कार्यालय मार्फत नै अगाडी बढाउने, वैदेशिक रोजगार बोर्ड मार्फत उपलब्ध गराइने आर्थिक सहायता लगायतका सेवाहरू स्थानीय तहमार्फत नै उपलब्ध गराउने लगायतका व्यवस्था सकारात्मक हुन्। तर ति मध्ये कतिपय विषयहरू अझै पनि प्रभावकारी रूपमा कार्यान्वयन गरिएका छैनन्। यसले अप्ठ्यारोमा परेका श्रमिक वा तिनका परिवारका सदस्यले अपेक्षाकृत सहयोग राज्यका निकायबाट पाउन सकेका छैनन्। यसमा सुधार गरिनु पर्दछ र कानुनको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ।

यसैगरी निर्दोष हुँदा हुँदै पनि गन्तव्य मुलुकमा कुनै नेपाली नागरिक फौजदारी अभियोगमा जेलमा परेको भएमा निजको प्रतिरक्षा सरकारले गर्ने महत्वपूर्ण नीतिगत व्यवस्था गरिएको थियो। आफ्ना नागरिकको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने नीति बने पनि त्यसको कार्यान्वयन नहुनु दुःखको कुरा हो।

वैदेशिक रोजगारमा जानेहरूको संख्या अझै उच्च रहे पनि केही वर्ष वैदेशिक रोजगारमा रहेर ज्ञान, अनुभव, सीप र दक्षता हासिल गरी स्वदेश फर्केकाहरूलाई नेपालको श्रमबजारसँग जोड्न र उनीहरूलाई उत्पादनमूलक कार्यमा संलग्न गराउन सरकारले पुर्नएकीकरणको निति ल्याएको छ। यो स्वागतयोग्य विषय हो। यसका लागि जिफन्टले लामो समयदेखि आवाज पनि उठाउँदै आएको थियो। तर सो नीतिको कार्यान्वयन पक्ष अत्यन्त सुस्त गतिमा रहेको छ। स्वदेश फर्केका हजारौं नेपाली यसमा आवद्ध हुन र मुलुकको आर्थिक क्रियाकलापमा जोडिन इच्छुक रहेको हुँदा सम्बन्धित सरकारी निकायले यसमा ध्यान दिनु आवश्यक छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जान चाहने वा गएकाहरूलाई सहि सूचना दिन, समस्यामा परेकाहरूलाई मद्दत गर्न कल सेन्टर सञ्चालन लगायतका कामहरू गरेको छ। तर त्यस्ता सेवालाई प्रचारमुखी मात्र नबनाई नतिजामुखी बनाउनु बढी खाँचो छ।

## रिक्रुटमेण्ट एडभाइजर

सूचना शक्ति हो। सही सूचनाले सम्भावित ठगीबाट श्रमिकलाई बचाउन सक्दछ। वैदेशिक रोजगारका विषयमा त्यस्तो सही सूचना वैदेशिक रोजगारको अनुभव बोकेका व्यक्तिहरूले नै प्रदान गर्न सक्दछन् भन्नेमा यस महासंघ विश्वास गर्दछ। सोही अनुरूप वैदेशिक रोजगारको योजनामा रहेकाहरूलाई उपयुक्त सेवा प्रदान गर्ने वैदेशिक रोजगार कम्पनी रोज्न सहयोग गर्ने उद्देश्यले जिफन्टले अन्तर्राष्ट्रिय ट्रेड यूनियन महासंघ (आइटीयूसी) सँगको साझेदारीमा रिक्रुटमेण्ट एडभाइजर (www.recruitmentadvisor.org) मा सन् २०१७ देखि सहकार्य गर्दै आएको छ। वैदेशिक रोजगारको योजनामा रहेकाहरू वा गन्तव्य मुलुकमा कार्यरतहरूले यस वेबसाइट मार्फत राम्रो सेवा दिने मेनपावर कम्पनीको जानकारी लिन, गन्तव्य मुलुकको श्रम सम्बद्ध कानुनका बारेमा जानकारी हासिल गर्न र अप्ठ्यारो परेमा मद्दतका लागि सम्पर्क गर्न सक्दछन्।

प्रविधिमा आधारित माध्यममा नेपाली श्रमिकको पहुँच अपेक्षाकृत रूपमा अझै पनि कम नै छ। तर पनि यो बढ्दो क्रममा रहेको छ। विशेषगरी वैदेशिक रोजगारको क्रममा रहेकाहरू तथा रोजगारी पश्चात स्वदेश फर्केकाहरूले प्रविधिको प्रयोगमा बढी दक्षता हासिल गरेका छन्। यसका साथै पछिल्ला केही वर्षयता नेपालको ग्रामिण क्षेत्रसम्म इन्टरेनटको पहुँचमा भएको वृद्धिका कारण प्रविधिमा आधारित सुचना सम्प्रेषण प्रभावकारी बन्दै गएको छ।

हालसम्म रिक्रुटमेण्ट एडभाइजरमा नेपालका प्रायः सबै मेनपावर कम्पनीहरूको नाम सूचीकरण गरिएको छ। यसमा सन् २०२२ सम्म आइपुग्दा झण्डै तीन हजार नेपाली श्रमिकले आफ्नो रोजगारी अनुभव बाँडेका छन्। ति अनुभवहरूबाट वैदेशिक रोजगारमा जाने योजनामा रहेकाहरू लाभान्वित हुन्छन् भन्ने महासंघले विश्वास लिएको छ।

## वैदेशिक रोजगार र जिफन्ट

महासंघले प्रवासी नेपाली श्रमिकको पक्षमा काम गर्न छुट्टै डेस्क सञ्चालन गर्दैआएको छ, जस मार्फत वैदेशिक रोजगारका क्रममा विभिन्न समस्यामा परेकाहरूको उद्दारमा समन्वय र सहयोग, न्यायमा पहुँच, क्षतिपूर्ती प्राप्ती लगायतमा मद्दत गर्दै आएको छ। गत वर्षको प्रवासी नेपाली दिवसदेखि अहिलेसम्मको एक वर्षको अवधिमा जिफण्टले १४६ जना समस्यामा परेका श्रमिकलाई प्रत्यक्ष सहयोग गरेको छ। यस क्रममा महासंघलाई अनुरोध भए अनुसार वैदेशिक रोजगारीका क्रममा बिरामी परेका ५ जनालाई नेपाल फर्काइएकोछ। स्वदेश आउन नपाएका कारण अलपत्र परेका चार जनाको उद्दार गरिएको छ भने कम्पनीले आउन नदिएको तीन जनालाई फिर्ता ल्याउने काम भएको छ। जीवित व्यक्ति मात्र नभई मृत्यु भएपछि शव ल्याउन समेत नपाएको अवस्थामा ४ जनाको शव नेपाल झिकाएको, १४ जनाको मेनपावरमा तिरेको रकम फिर्ता गराउन सफल भएको छ भने फरक सम्झौताका कारण पीडित भएका २५ जनाले नेपालमा भएको सम्झौता अनुसार पारिश्रमिक पाउने अवस्था सिर्जना भएको छ। ठगीमा परेका ५२ जना, पारिश्रमिक नपाएका तीन जनालाई पारिश्रमिक दिलाउने, १९ जनाको विमा क्षतिपूर्ती भराउने काम भएको छ। एजेन्टले बढी रकम मागिएका ५ जना श्रमिकलाई सो रकम फिर्ता दिलाउने काम समेत भएको छ।

यसैगरी जहाँ श्रमिक त्यहाँ जिफन्ट हाम्रो झण्डै तीन दशक लामो अभियान नै हो। सन् १९९४ देखि सुरु भएको प्रवासमा कार्यरत नेपालीलाई संगठित गर्ने हाम्रो अभियान अझ विस्तारित भएको छ। जिफन्ट सहयोग समूहहरूले मलेसिया तथा खाडीका मुलुकहरूमा कार्यरत नेपालीलाई अप्ठ्यारोमा पर्दा मद्दत गर्ने, श्रमिकलाई उनीहरूका हक र अधिकारका बारेमा सचेत बनाउने र स्थानीय ट्रेड युनियनहरूसँग नेपाली प्रवासी श्रमिकलाई जोड्ने काम गर्दैआएका छन्।

### विभिन्न देशमा श्रमिकका मुद्दा र पीडित संख्या

| देशको नाम | मुद्दाको संख्या | पीडितको संख्या |
|---|---|---|
| मलेसिया | ७ | १२ |
| साउदी अरेबिया | ८ | २५ |
| कतार | २ | १० |
| ओमन | ३ | ३ |
| दुबई | ६ | २६ |
| कुवेत | ६ | १६ |
| बहराईन | १ | ५ |
| माल्टा | १ | १ |
| युरोप | १ | १ |
| साईप्रस | ३ | ४ |
| प्रोर्चुगल | ५ | ४३ |
| जम्मा | ४३ | १४६ |

हामीले स्वदेश वा विदेश जहाँ भए पनि नेपाली श्रमिकलाई सामाजिक सुरक्षामा जोडिनु पर्ने माग गरी आएका थियौँ। नेपालको सामाजिक सुरक्षा प्रणालीमा जोडिन चाहने नेपाली श्रमिकलाई सो अवसर दिनु पर्ने र विदेशमा भएको समाजिक सुरक्षा संस्थासँग पारस्परिक सम्झौता गरी सामाजिक सुरक्षाको प्रत्याभूती दिनु पर्ने माग गरी आएका थियौँ। हालै समाजिक सुरक्षा बोर्डबाट पारित भई श्रम मन्त्रालयले विदेशमा कार्यरत श्रमिकको लागि सामाजिक सुरक्षा कार्यविधि लागू गरेको छ। यसमा जिफन्टको धेरै असहमतीका विषयहरू समेत रहेको छ। तर पनि यो जारी हुनु नै महत्वपूर्ण

## वैदेशिक रोजगारमा तथा विदेशमा स्वरोजगारमा रहेका श्रमिकको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९

### संक्षिप्त जानकारी

- वैदेशिक रोजगारीमा भारतसमेत विभिन्न मुलुकमा रहेका वा विदेशमा स्वरोजगारमा रहेका नेपाली नागरिक वा गैरआवासीय नेपालीहरूलाई सामाजिक सुरक्षा योजनामा जोडिने।
- यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको ९० दिनपछि लागू हुने छ। (अर्थात् तीन महिनापछि यो लागु हुनेछ।)
- यसको लागि वैदेशिक रोजगारीमा जाने वा गइसकेका श्रमिकहरू कोषमा सूचीकृत हुनु पर्नेछ। सूचीकृत हुनको लागि वैदेशिक रोजगारीमा रहेका श्रमिकले कोष वा कोषले तोकेको कार्यालयमा गएर वा अनलाइनमार्फत निवेदन दिन सक्नेछन्।
- निवेदन दिँदा नागरिकता वा पासपोर्टको प्रतिलिपी, श्रम स्वीकृतिको प्रतिलिपी, आफूले श्रम गर्न जान लागेको देश, रोजगारदाता कम्पनी र क्षेत्र, पारिवारिक विवरण समेत खुलाउनु पर्नेछ।
- वैदेशिक रोजगारीमा जाने क्रममा भएका श्रमिकले श्रम स्वीकृति लिँदा नै सामाजिक सुरक्षा कोषबाट सूचीकरण नम्बर अनिवार्य रूपमा लिनु पर्नेछ।
- योगदान रकम कोषमा जम्मा गरी सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछ। योगदान रकम जम्मा गर्न कोषले उपलब्ध गराएको बैंक खातामा योगदानकर्ताले सूचीकृत हुँदा योगदान रकम जम्मा गर्ने मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक अवधि छनौट भएअनुसार जम्मा गर्नुपर्नेछ।
- वैदेशिक रोजगारीमा रहेका श्रमिकका लागि दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना – ऐन, नियमावली तथा यस कार्यविधि बमोजिम कोषमा सूचीकृत भई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछन्।
- वैदेशिक रोजगारीमा रहेका व्यक्तिले नेपाल सरकारले औद्योगिक क्षेत्रका श्रमिकको लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको एक्काइस दशमलव तेत्तीस प्रतिशत योगदान गर्नु पर्नेछ र यस्तो रकम कोषले दुर्घटना, अशक्तता र आश्रित परिवार सुरक्षा योजनामा ७.४८ प्रतिशत, वृद्ध अवस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत विनियोजन हुनेछ।

रहेको छ र लागू गर्दै जाँदा देखिने कमजोरीहरू सुधार गर्दै जानु अनिवार्य हुन्छ ।

## प्रवासमा जिफन्ट सहयोग समूह

नेपाल ट्रेड यूनियन महासंघले १९९४ देखि नै नेपाली प्रवासी श्रमिकको हक हित रक्षाका लागि निरन्तर काम गर्दैआइरहेको छ । दक्षिण कोरियाबाट सुरु गरेको प्रवासी श्रमिक संगठित गर्ने काम अहिले नेपाली श्रमिकको घनत्वको आधारमा जिसिसि अर्थात खाडि मुलुकहरू र मलेशिया लगायतका गन्तव्य मुलुकहरूमा जिफन्ट सहयोग समूहहरू सक्रिय रूपमा काम गरिरहेका छन् । कतार, मलेशिया, बहराईन, कुवेत, युएई, साउदी, दक्षिण कोरिया, हङकङ, लेबनानमा हामी क्रियाशील रहेका छौँ । गन्तव्य मुलुकको राजनैतिक अवस्थामा हुने परिवर्तनले हामीलाई समेत छुने गरेको छ । हामीले सम्बन्धित मुलुकको कानुन अनुरूप मात्र आफ्नो कार्य संचालन गर्नुपर्ने हुँदा कतिपय अवस्थामा समस्या सिर्जना समेत हुने गरेको छ ।

महासंघले प्रवासको सम्पूर्ण चक्र समेटेर कार्य गर्ने क्रममा आवद्ध संघ मार्फत र महासंघले नै पनि प्रवास जानु पहिले सचेतनामूलक कार्यक्रम संचालन गर्दैआएको छ । गन्तव्य देशमा जिफन्ट सहयोग समूह मार्फत प्रवासी नेपाली श्रमिकहरूलाई संगठित गर्ने र प्रवासी श्रमिकको हक हितको लागि आवश्यक पहलकदमी लिने काम पनि भइरहेको छ । नेपाल फर्किए पछि पनि जिफन्ट प्रवास कमिटी अन्तर्गत समेटेर नेपाली श्रम बजारसँग जोडेर पुनःएकीकरणको काम गर्दै आइरहेको छ ।

महासंघले झण्डै ३ दशकको प्रवासी श्रमिकका हक हित रक्षाका लागि गरेका कामहरूको आधारमा विदेशी भूमिमा नेपालीलाई संगठित गर्दै त्यहीँ रहेको ट्रेड युनियन आन्दोलनमा जोड्ने गरेका छौँ । यसलाई हामीले जिफन्ट मोडल समेत भन्ने गरेका छौँ । यस अन्तरगत हामीले निम्न कार्य गरी आएका छौँ :

१. गन्तव्य मुलुकहरूमा नेपाली श्रमिकहरूलाई समेट्ने र यदि उक्त देशमा ट्रेड युनियन छ र उनीहरूको प्रवासी श्रमिक संगठित गर्ने नीति छ भने त्यहीँको ट्रेड युनियनलाई न्यूनतम शुल्क तिरेर सदस्य बन्ने र कार्यक्षेत्रमा परेको समस्याहरू हल गर्न लगाउने ।

२. यदि गन्तव्य देशमा ट्रेड युनियन छैन भने संगठित हुने, एकअर्कालाई सहयोग गर्ने र नेपाली नियोगहरू र अन्य अन्तर्राष्ट्रिय संगठनहरूसँग सहकार्य गर्ने ।

३. गन्तव्य देशको ट्रेड युनियनसँग दुईपक्षीय सम्झौता गरेर नेपाली प्रवासी श्रमिकहरूको हितका लागि सहकार्य गर्ने ।

४. प्रवासी श्रमिकको हितको पक्षमा नेपाल सरकारलाई निरन्तर खबरदारी र नीति निर्माणका निम्ति हस्तक्षेपकारी भूमिका खेल्ने ।

प्रवासी नेपालीको हक हितका लागि "जहाँ श्रमिक त्यहाँ जिफन्ट" महासंघको अभियानले थौरै भए पनि प्रवासी श्रमिकलाई राहत दिने काम गर्न सफल भएको छ ।

## कतारको श्रम कानुन परिवर्तनमा जिफन्टको योगदान

कतारमा औपचारिक रूपमा नेपालीहरू २०५२ सालदेखि नै रोजगारका लागि जान थाले । विशेष गरी सन् २०२२ मा फिफा विश्वकप फुटबल आयोजना गर्ने अवसर कतारले पाउने भनी सन् २०१० मा घोषणा गरिए

- वृद्धावस्था सुरक्षा योजनामा औद्योगिक क्षेत्रका श्रमिकको लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको तीन गुणासम्म योगदान गर्न सक्नेछ ।
- योगदानकर्ताले सुविधा पाउनको लागि कम्तीमा कुनै घटना घटेको मितिभन्दा अघिको १२ महिनामा ९ महिनाको योगदान गरेको हुनु पर्नेछ तर वृद्ध अवस्था सुविधा योजनाको हकमा वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको वा ६० वर्ष उमेर पुगेको हुनु पर्नेछ ।
- वैदेशिक रोजगारीमा रहेका योगदानकर्ताले निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगदान रकम एकमुष्ठ लिने वा सो रकमलाई एकसय साठीले भाग गर्दा हुन आउने रकम बराबरको निवृत्तभरण लिने मध्ये कुनै एउटा विकल्पको छनौट गर्न सक्नेछ ।
- दुर्घटनामा परेको योगदानकर्ताले अस्पताल भर्ना भई उपचार गराउँदाको अवस्थाको रु. १ लाख सम्मको उपचार खर्च योगदानकर्ता श्रमिक नेपाल फर्के पश्चात कोषले भुक्तानी गर्नेछ ।
- दुर्घटनाको कारण अस्थायी पूर्ण असक्षमता भएको व्यक्तिले निज काममा फर्कन सक्ने अवस्था नभएसम्म न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रूपमा पाउनेछ । तर स्थायी असक्षमता भएकोमा जीवनकालभर निवृत्तभरण पाउनेछ ।
- आंशिक असक्षमता भएको असक्षमताको प्रतिशतको आधारमा निवृत्तभरण पाउने व्यवस्था छ ।
- योगदानकर्ताको मृत्यु भएमा निजको आश्रित परिवार सुरक्षा योजना अन्तर्गत बेरोजगार पति वा पत्नीले निवृत्तभरण, सन्ततिले शैक्षिकवृत्ति र अन्तिम संस्कार खर्च पाउने छन् ।
- कुनै योगदानकर्ताले निवृत्तभरण प्राप्त गर्न सुरु गरेपछि निजको मृत्यु भएमा मृतकको पति वा पत्नीलाई निजले पाइरहेको निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम आजीवन निवृत्तभरण प्रदान गरिनेछ । तर अर्को विवाह गरेमा यो सुविधा पाउने छैन ।
- योगदानकर्ताले सुविधा प्राप्ति गर्ने प्रक्रिया, सुविधा पाउनको लागि दिनु पर्ने निवेदनका ढाँचा र भुक्तानी सम्बन्धी प्रक्रिया तथा तत् सम्बन्धी निर्णय कोषको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ को व्यवस्था बमोजिम हुनेछ ।
- योगदानकर्ता वा निजको हकवालालाई सुविधा बापतको रकम नेपालमा बैङ्क खाता मार्फत मात्र भुक्तानी दिइनेछ ।
- यस कार्यविधि बमोजिम सञ्चालित एक भन्दा बढी सामाजिक सुरक्षा योजनाबाट दोहोरो हुने गरी मासिक निवृत्तभरण वा अन्य सुविधा दिइने छैन ।
- श्रमिक गन्तव्य मुलुकसँग पारस्परिक सम्झौता भए सोही अनुसार हुनेछ तर योगदानकर्ताले चाहेमा कोषका योजनाहरूमा निरन्तरता दिन सक्नेछ ।

पछि त्यहाँ विश्वकप आयोजनाका लागि आवश्यक पूर्वाधार निर्माण सुरु भयो। यसरी नै कतारले सन् २०३० सम्म आधुनिक निर्माणलाई जोड दिने गरी काम अगाडि बढायो। वल्डकपलाई ध्यानमा राखी ८ रंगशालाहरू, विमानस्थल, मेट्रो लगायत प्रचुर मात्रामा पूर्वाधार निर्माणका लागि काम सुरु गऱ्यो। त्यस मुलुकको समृद्धि र विकासको लागि नेपाली श्रमिकहरूको माग भयो। र, सन् २०१७–२०१८ (वि.स. २०७४/२०७५) मा भारतबाहेकको तेस्रो मुलुकमा कामको लागि जाने नेपालीहरूमध्ये २९ प्रतिशत कतार रोजे।

लगभग ८०% भन्दा वढी जनसंख्या प्रवासी श्रमिकहरू भएको देश भए पनि श्रम कानुन र ट्रेड युनियन कानुनले प्रवासी श्रमिकको संरक्षण नगर्ने भएको हुनाले श्रमिकहरू चरम श्रम शोषणमा थिए। काफला प्रणालीले उनीहरूको हैसियत बाँधा श्रमिकसरह बनाएको थियो। न्यूनतम पारिश्रमिक थिएन। रोजगारी परिवर्तन गर्न नपाउने, असुरक्षित कार्यस्थल र वासस्थानको राम्रो व्यवस्था नहुने र प्रतिकूल मौसममा काम गर्नुपर्ने लगायतका समस्याहरूले ठूलो संख्यामा श्रमिकहरूले ज्यान समेत गुमाउनु पऱ्यो।

नेपाली श्रमिकको घनत्व बढ्‌े लगत्तै २०११ मा जिफन्ट सहयोग समूह स्थापना गरी जटिल परिस्थितिमा पनि नेपाली श्रमिकहरूलाई संगठित गर्दै प्रवासी श्रमिकको अधिकार संरक्षणका लागि काम सुरु गऱ्यो। कतारमा भएको श्रमिक समस्याको बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराई अन्तर्राष्ट्रिय श्रम संगठन, अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ, बिडब्लुआईसँग मिलेर जिफन्टले आइएलओमा समेत आफ्नो भनाई राख्दै आयो।

केही वर्षको मिहेनतपछि कतारमा पहिलो पटक न्यूनतम पारिश्रमिक निर्धारण भयो। कार्यस्थलमा दुर्घटना भएमा विमाबाट उपचार पाउने व्यवस्था भयो। काफला प्रणालीमा आमूल सुधारको घोषणा भयो। श्रम निरिक्षण बढाउने र दुर्घटना घटाउने सम्बन्धमा कानुनी व्यवस्था भए। वासस्थानलाई तुलनात्मक रूपमा परिवर्तन गरिए। रोजगारी परिवर्तन गर्न पाउने अधिकार स्थापना भयो। व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका प्रवधानहरूमा परिमार्जन लगायतका कानुनहरू निर्माण भए। यी कुराहरू स्थापित गर्न सफल भएकोमा जिफन्ट गर्व गर्दछ। तर अझै पनि प्रवासीलाई संगठित गर्ने, सामूहिक सौदाबाजी गर्ने अधिकारको लागि निरन्तर काम जारी राख्ने छ।

हामी नेपालीहरूको समस्या उजागर भएको र जिफन्टले खेलेको भूमिकाबाट नेपाली श्रमिकको माग घट्ने भन्दै केही मानिसहरूले चिन्ता जाहेर गरेका छन्। तर हामी रोजगारीको अवसर घट्ने भन्ने नाममा अधिकार प्राप्तीको प्रयासलाई छाड्ने छैनौँ। नेपाली श्रमिकको माग नेपालीको इमानदारिता र लगनशिलताले सिर्जना गरेको हो। कतारमा अधिकार प्राप्तीको लागि हामीले आवाज उठाउने काम सन् २०११ बाट सुरु गर्दा नै यो कुरा सुनिएको हो। तर कुनै वर्ष श्रमिकको मागमा कमी आएको छैन। त्यसैले वैदेशिक रोजगारीमा माग घट्छ भन्ने कुराले आधारभूत अधिकार प्राप्तीको विषयमा जिफन्ट मौन रहँदैन।

## वैदेशिक रोजगारी : केही निश्कर्ष र ध्यान दिनु पर्ने केही विषयहरू

- वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा प्रणालीमा जोडिन सक्ने अवस्थालाई सहज बनाउनु पर्दछ। जारी भएको कार्यविधिमा भएको कमजोरीलाई हटाउँदै क्रमशः कार्यन्वयन गर्नु पर्दछ।
- वैदेशिक रोजगारीमा जाने मुलुकको प्राथमिकतामा खाडी मुलुक र मलेशिया हुँदै आएकोमा क्रमशः पूर्वी युरोप तथा युरोप जाने क्रममा वृद्धि भएको छ।
- विदेशिने श्रमिकमध्ये सीपयुक्त श्रमिकको संख्या प्रत्येक वर्ष बढिरहेको र अदक्ष श्रमिकको संख्यामा कमी हुँदै गएको छ।
- कोभिड–१९ को महामारी पछिको पहिलो वर्षमा ३७७ प्रतिशतले वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्यामा वृद्धि हुनुले नेपालमा युवा श्रमशक्ति पलायनको अवस्थाको डरलाग्दो चित्र प्रस्तुत गरेको छ। यो मुलुकको लागि अनिष्टको सूचक समेत हो।
- वैदेशिक रोजगारीमा जाने श्रमिक संख्यामा ३७७ प्रतिशत वृद्धि हुँदा विप्रेषण आप्रवाह ४.७ प्रतिशतले वृद्धि हुनुले नेपालीहरूको कामाई विदेशमा नै रोकिएको, तस्करीको लागि प्रयोग भएको, र समानान्तर रूपमा अनौपचारिक तवरमा रकम दुरूपयोग भएको स्पष्ट देख्न सकिन्छ। यसमा सरकारको र सम्बन्धित निकायको ध्यान जानु जरुरी छ। गठबन्धन सरकार बने पछिको पहिलो वर्षमा नै वैदेशिक रोजगारीमा जाने श्रमिक संख्यामा विस्तार भएता पनि विप्रेषण आप्रवाह सो अनुपातमा नबढ्नुले सरकार नै अनौपचारिक अर्थतन्त्रका पक्षमा रहेको देखाउँछ।
- एजेन्सी मार्फत वा वैधानिक बाटोबाट भन्दा भिजिट भिषाबाट विदेशी भूमिमा नेपालीलाई काममा लगाउने प्रवृत्ती विकास भएको छ। यस्तो काममा संलग्न मानव वेचविखनकर्ताहरूलाई कानुनको दायरामा तत्काल नल्याएमा भविष्यमा विकराल समस्या सिर्जना हुने देखिन्छ।
- फ्रि भिसा र टिकटको विषय नारामा मात्र सीमित भएको र श्रमिकबाट मोटो रकम असुली गर्ने प्रवृत्ती निरन्तर वढेको देखिन्छ।

**नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)**
पुतलीसडक, मनमोहन मजदुर भवन, काठमाडौं
फोन : ४१६८०००, फ्याक्स : ४१६८०१२
इमेल : office@gefont.org वेब : www.gefont.org

We Social Movements